# चन्द्रागिरि नगरपालिका

चन्द्रागिरि नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ७ | संख्याः ३ | मितिः असार ६ गते, २०८१


## भाग–१

## आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम

**नगरसभाका सदस्यज्यूहरु,**

आज हामी चन्द्रागिरि नगरपालिकाको नगरसभाको चौधौं अधिवेशनमा उपस्थित भएका छौं । राज्य पुनर्संरचना पश्चात् संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको तीन तहको राज्य संरचना बनेपछिको स्थानीय तहको दोस्रो निर्वाचनबाट गठित नगरसभाको दुई वर्षको कार्यकाल सम्पन्न भईसकेको छ । हामी आज तेस्रो वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने चरणमा छौं भने तेस्रो वार्षिक बजेट तथा कार्यक्रम निर्माणको तयारीमा छौं । आगामी आ.व. २०८१/२०८२ को नीति तथा कार्यक्रम गरिमामय यस नगरसभाको चौधौं अधिवेशनको आजको सत्रमा प्रस्तुत गर्न पाउँदा म अत्यन्त हर्षित भएको छु ।

यस अवसरमा प्रजातन्त्रको प्राप्तिदेखि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ चलेका विभिन्न ऐतिहासिक जनआन्दोलनहरुमा आफ्नो जीवन बलिदान गर्ने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। जनआन्दोलनहरुका घाइते तथा योद्धाहरुमा समेत हार्दिक सम्मान व्यक्त गर्दछु ।

“ऐतिहासिक, सांस्कृतिक नगरी, समृद्ध पर्यटकीय चन्द्रागिरि” भन्ने चन्द्रागिरि नगरपालिकाको दूरदृष्टि नारालाई साकार पार्नको लागि नगरवासीको चाहना अनुरुप भौतिक पूर्वाधार विकास, आर्थिक, सामाजिक र मानवीय विकास, स्वास्थ्य, शिक्षा तथा खेलकूद एवम् विद्युतीय सुशासनका माध्यमबाट सभ्यतामूलक समाज निर्माण सहित पर्यटकीय पहिचानयुक्त चन्द्रागिरि र नगरवासीको समृद्धितर्फ अगाडि बढ्नको लागि हामी जनप्रतिनिधिहरुले स्पष्ट सोच र कार्यक्रमका साथ अगाडि बढ्न आवश्यक छ। यस अर्थमा हामीले तर्जुमा गर्ने नीति तथा कार्यक्रमको अहम् भूमिका रहेको हुन्छ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को मर्म र भावना तथा नेपाल सरकार तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम र बजेटले निर्धारण गरेका दिशा, दिगो विकासका लक्ष्यहरु, नगरपालिकाले विगतदेखि अँगाल्दै आएका नीतिहरु, कार्यपालिकाका सदस्यज्यूहरुबाट प्राप्त सुझावहरु, विभिन्न राजनीतिक दल, संघसंस्था, कर्मचारी तथा नगरवासी दाजुभाइ तथा दिदीबहिनीबाट प्राप्त रचनात्मक सुझावहरु, माग तथा आवश्यकताहरुलाई ध्यानमा राख्दै र नगरपालिकाको साधन तथा स्रोतलाई समेत मध्यनजर गर्दै आगामी आ.व. २०८१/२०८२ को लागि चन्द्रागिरि नगरपालिकाको नीति तथा कार्यक्रम यस गरिमामय सभामा पेश गर्दैछु।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले स्थानीय तहले समेत मध्यमकालीन खर्च संरचनामा आधारित रहेर बजेट तर्जुमा गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको हुँदा राष्ट्रिय योजना आयोगको दिग्दर्शनले निर्धारण गरेका विषयगत क्षेत्रहरु ५ वटा र २५ वटा उपक्षेत्रहरुमा आधारित रही चन्द्रागिरि नगरपालिकाको नीति तथा कार्यक्रम तयार गरिएको छ।

अब म चन्द्रागिरि नगरपालिकाको आ.व. २०८१/२०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## १. आर्थिक क्षेत्र

### क. कृषि

१. परम्परागत कृषिलाई आधुनिक कृषि प्रणालीमा रूपान्तरण गर्न कृषि औजार, उपकरण एवं मेशिनरी खरिदमा अनुदान दिइनेछ । शहरी कृषि प्रणालीमा जोड दिइनेछ ।

२. स्थानीय कृषि उत्पादनलाई प्रबर्द्धन गर्न कृषि बजार, सहरी हाट बजार, बिक्री केन्द्र एवं प्रदर्शनीस्थलको स्थापना तथा कृषि प्रबर्द्धनात्मक प्रदर्शनी कार्यक्रमहरूको आयोजना गरिनेछ ।

३. प्राङ्गारिक मल उत्पादनको लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

४. कृषिमा प्रयोग हुने कृषि चुन र लहरे बालीमा प्रयोग हुने फेरोमोन ट्र्याप (Pheromone Trap) वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

५. हिउँदे, बर्षे तरकारी, बालीको बीउ साथै प्राङ्गारिक तथा जैविक मल, प्राङ्गारिक किटनासक र भिटामिनहरू वितरण गर्ने व्यवस्था मिलाइनेछ । रासायनिक तथा जैविक मल सहज आपूर्तिको लागि सहजीकरण गरिनेछ ।

६. कृषिमा प्रयोग हुने कीटनाशक औषधीले मानव स्वास्थ्यमा असर पार्ने विषादी प्रयोगमा निरूत्साहित गरिनेछ ।

७. फापर, मकै, कोदो, भटमास, सिमी लगायत अन्य रैथाने बालीहरू संरक्षण गर्ने नीति लिइनेछ । १ वर्षभन्दा बढी जग्गा बाँझो राख्न नदिने नीति लिइनेछ, त्यस्ता जग्गामा खेती गर्ने किसानलाई प्रोत्साहन गरिनेछ ।

८. कृषकलाई अनुदानमा च्याउको बीउ वितरण गरिनेछ ।

## ख. पशुपंक्षी

१. साना किसानहरूलाई मध्यनजर गर्दै आय आर्जनमा वृद्धि गरी स्वरोजगार सिर्जनाका लागि दुहुना गाई, भैंसी, बाख्रा पालनमा प्रोत्साहन गर्न अनुदानमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ ।

२. साना किसानहरूको लागि हिउँदे घाँसको बीउ वितरण, गोठ सुधार र पशुको कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिनेछ ।

३. कृषक लक्षित गरी पशुको लागि औषधी, भ्याक्सिन वितरण कार्यलाई निरन्तरता दिई पशुपन्छी रोग पहिचानको लागि सर्भिलेन्स कार्यक्रम सञ्चालन गरिनेछ ।

४. पशुपन्छी फार्म, माछामासु पसल, एग्रोभेट, दाना उद्योग तथा डिलर लगायतका बजारको नियमित अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

५. दुग्ध उत्पादनको लागि लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ ।

६. पशुपालक कृषकहरूको लागि उत्पादकत्व वृद्धि सम्बन्धी तालिम तथा अन्तरक्रिया कार्यक्रमहरू संचालन गरिनेछ ।

७. कृषि, स्वास्थ्य र पशु शाखाको समन्वयमा विषादी र एन्टीबायोटिक रेसिष्ट सम्बन्धी सचेतनाका लागि One Health कार्यक्रम सञ्चालन गरिनेछ ।

८. छाडा जनावर (सामुदायिक) व्यवस्थापनका लागि PPP मोडेलमा प्रविधिको प्रयोग सहित आवश्यक प्रबन्ध गरी मृत पशु, सिनो व्यवस्थापनको लागि बायोपिट एवं एनिमल क्रिमेटोरी निर्माण गरी व्यवस्थापन गरिनेछ ।

९. व्यवसायिक दुग्ध, मासु, अण्डा उत्पादक कृषकहरूलाई प्रोत्साहन गरी नगरलाई दूध, मासु र अण्डामा आत्मनिर्भर बनाइनेछ ।

## ग. सिंचाई

१. परम्परागत खोला, राजकुलो, कुलो संरक्षण गरी सिंचाइमा उपयोग गर्ने नीति लिइनेछ ।

२. आकाशे पानी सञ्चित गरी थोपा सिंचाई मार्फत आधुनिक सिंचाई प्रविधिको प्रबर्द्धन गरिनेछ ।

## घ. उद्योग, व्यापार तथा व्यवसाय

१. नगर क्षेत्रभित्रका उद्योग व्यवसायीको पहिचान, तथ्याङ्क अद्यावधिक गरी सफल र राम्रा उद्योग व्यवसायीलाई प्रोत्साहन र सम्मान गरिनेछ ।

२. नगरक्षेत्रभित्र उत्पादन हुने हस्तकला लगायतका मौलिक सीपबाट उत्पादित सामग्रीलाई कोसेली घरबाट बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । शहरी हाटबजार तथा बिक्री केन्द्रलाई निरन्तरता दिइनेछ ।

३. उपभोक्ताहरूलाई सचेत र जागरूक बनाउनको लागि उद्योगी व्यवसायीहरू समेत सम्मीलित गरी उपभोग्य बस्तु सम्बन्धमा अभिमुखीकरण गराइनेछ ।

४. उत्पादन तथा व्यापार व्यवसाय प्रबर्द्धनका लागि लगानी सम्मेलन गरिनेछ । नगरपालिकाको तर्फबाट सहजीकरण र लगानीमैत्री नीति अवलम्वन गरी औद्योगिक ग्राम/क्षेत्र स्थापना तथा सञ्चालन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

५. विपन्न तथा दलित समुदायको लागि परम्परागत सीपमा आधारित पेशा व्यवसायलाई अनुदानमा प्रविधि हस्तान्तरण गरिनेछ ।

६. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेड्पालाई निरन्तरता दिइनेछ र सो कार्यक्रम सञ्चालनको लागि बजेटको

व्यवस्था गरिनेछ ।

७. घरेलु उद्योगहरूको दर्ता नियमनको लागि कानून बनाई नगरस्तरीय घरेलु उद्योग दर्ता, सञ्चालन र बजारीकरणमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

८. नगरपालिका क्षेत्रमा हस्तकला एवं फेल्टजन्य व्यवसायलाई प्रोत्साहन गर्न तालिम दिई दक्ष जनशक्तिको उत्पादन गरी उत्पादित सामानको अन्तर्राष्ट्रिय बजारीकरणमा प्रबर्द्धन गरिनेछ।

## ङ. पर्यटन

१. नगरका हरेक वडा तथा मुख्य मार्ग र टोल बस्तीहरूमा आवश्यकता अनुसार महत्वपूर्ण स्थानीय नाम सहितको स्थानसूचक बोर्ड (लोकेसन म्याप) राखिनेछ ।

२. नगरपालिकामा रहेका विभिन्न मन्दिर, पार्क, ट्रेकिङ्ग रूट आदिको बारेमा डिजिटल बार कोडको माध्यमबाट प्रचार प्रसार गरी स्थानीय पर्यटनको प्रवर्द्धन, रोजगारी र आयआर्जनमूलक विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

३. नगरपालिका क्षेत्रभित्रका धार्मिक, सांस्कृतिक, दृश्यावलोकनका केन्द्रहरू लगायत महत्वपूर्ण स्थलहरूलाई समेटेर चन्द्रागिरि पर्यटकीय सर्किट घोषणा गरी प्रबर्द्धन गरिनेछ ।

४. नगरपालिकाका सम्भाव्य क्षेत्रमा PPP (सार्वजनिक-निजी साझेदारी) मोडलमा पर्यटकीय पूर्वाधार निर्माण तथा सञ्चालन गरिनेछ ।

५. नगर क्षेत्रका ऐतिहासिक, सांस्कृतिक, पर्यटकीय लगायतका क्षेत्रहरूको खोजी गरी प्रसारप्रसार गरिनेछ । नगरको समग्र इतिहास, सांस्कृतिक (मूर्त-अमूर्त) सम्पदा झल्काउने नगरस्तरीय संग्रहालय (म्युजियम) स्थापनाको लागि अध्ययन गरिनेछ ।

६. पर्यटन प्रबर्द्धनका लागि ऐतिहासिक गढी/थानाहरूलाई जोड्दै चन्द्रागिरि सर्किट एकीकरण पदमार्ग/साईकल ट्रेल निर्माण गरी One Day Hiking-One Day Stay लाई प्रबर्द्धन गरिनेछ ।

७. नगरभित्रका स्थानीय परम्परागत बस्तीहरूमा पर्यटन प्रबर्द्धनका लागि होमस्टे (पाहुना गृह) कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

८. संघीय वन ऐनले निर्दिष्ट गरे बमोजिम चन्द्रागिरि नगरपालिकाभित्रको त्रिभुवन पार्क लगायत सबै सहरी हरित क्षेत्रहरूलाई प्रदेश सरकारसमेतको समन्वयमा यसै वर्षदेखि नगरपालिकाले आफै व्यवस्थापन तथा सञ्चालन गर्नेछ ।

९. नगर क्षेत्रभित्र रहेका पुरातात्विक एवं ऐतिहासिक महत्व रहेका स्थानहरूको खोजमूलक अन्वेषण, उत्खनन, सम्बर्द्धन एवं प्रबर्द्धन गरिनेछ ।

## च. भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा

१. नगरभित्र रहेका विभिन्न उद्देश्यका सहकारीहरूलाई सुशासन कायम गर्न कोपोमिस लागु गरिनेछ । सहकारीकर्मीहरूको समयसापेक्ष क्षमता विकास गरिनेछ ।

२. सहकारी दर्ता/सञ्चालन मूल्याङ्कनको लागि सहकारी नियमावली र मापदण्डहरू तयार गरी सहकारीहरूको नियमित रूपमा प्रगति विवरण, लेखापरीक्षण र साधारणसभा समयमा गर्नको लागि अभिप्रेरित गरिनेछ। नियमित कार्यक्रम गर्नेलाई पुरस्कृत र नगर्नेलाई दण्डको नीति लिई सर्वसाधारणको बचतलाई सुरक्षित हुने वातावरण तयार गरिनेछ ।

३. उत्पादन र स्वरोजगारको कार्यक्रममा सहकारीहरूलाई संलग्न गराइनेछ । महिला सदस्यहरू रहेका सहकारीहरूको क्षमता बृद्धि

गरी न्यून आय भएका विपन्न, दलित, आदिबासी, जनजाति, उपेक्षित महिला, एकल महिलाहरूको सहकारीमा प्रतिनिधित्व हुने अवसर प्रदान गरिनुको साथै त्यस्ता सहकारीहरूलाई विशेष कार्यक्रम दिइनेछ ।

४. उत्पादन, रोजगार तथा व्यवसाय प्रबर्द्धन गर्न सम्बन्धित वित्तीय संस्थाहरूसँगको समन्वयमा नगरपालिकाबाट व्याज अनुदानको व्यवस्था गरिनेछ ।

५. सार्वजनिक, नेपाल सरकार, ऐलानी लगायतको जग्गाको पहिचान, भूउपयोग-वर्गीकरण र सिमाङ्कन गरी अभिलेखीकरण गरिनेछ । अव्यवस्थित बसोबासी, भूमिहीन सुकुम्बासी तथा बेनिस्सा स्वबासी जग्गाहरूको लगत सङ्कलन गरिनेछ ।

## छ. श्रम, रोजगारी तथा गरिवी निवारण

१. नगरस्तरीय प्राविधिक शिक्षालय (गुमाल्चोकी स्कूल) मा CTEVT सँग समन्वय गरी व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन गरिनेछ ।

२. नगरवासी युवाहरूलाई सक्षम र क्षमतावान बनाई उद्यमशील र स्वरोजगार प्रबर्द्धनका लागि कोष स्थापना गरी यूवाहरूलाई प्रविधि हस्तान्तरण गरिनेछ ।

३. “एक महिला एक सीप”को अवधारणा अनुरूप सिकेको सीपमा नै दक्ष बनाउँदै लगिनेछ । विपन्न तथा लक्षित वर्गलाई नगरपालिकाभित्रै रोजगारीको अवसर शृजना गरी आफ्नो सीप तथा पूँजी प्रयोग गरी व्यवसाय गर्न ईच्छुक लक्षित वर्गको लागि रोजगारमूलक तथा सीपमूलक तालिमको व्यवस्थापन गरिनेछ । आदिवासी, जनजाति, दलित तथा सीमान्तकृत समुदायको पैत्रिक

पेशा व्यवसायलाई विशेष अनुदानको व्यवस्था गरी "घरघरमा उत्पादन" लाई प्रोत्साहन गरिनेछ ।

४. तालिम प्राप्त व्यक्ति वा समूहले व्यवसाय सञ्चालन गर्न चाहेमा नगरबाट स्वीकृत कार्यविधि अनुसार बीउ पूँजी कार्यक्रम मार्फत अनुदान उपलब्ध गराइनेछ । वित्तीय संस्थासँग समन्वय गरी उद्यमीको ऋणमा व्याज अनुदान दिने नीतिलाई निरन्तरता दिइनेछ । उत्पादन, व्यवसाय लगायतका आयमूलक रोजगारलाई विशेष प्राथमिकता दिइनेछ । "एक वडा एक स्थानीय उत्पादन" कार्यक्रमलाई अघि बढाइनेछ ।

५. नगरपालिका क्षेत्रभित्र रहेका शिक्षित जनशक्ति, दक्ष कामदार, अर्ध दक्ष कामदार र बेरोजगारहरूको विवरण संकलन गरी डाटा बैंक स्थापना गरिनेछ ।

६. श्रम डेस्कको व्यवस्था गरी रोजगारी प्रबर्द्धन गरिनेछ । "श्रमको सम्मान नगरको अभियान" कार्यक्रम सञ्चालन गरिनेछ ।

## २. सामाजिक क्षेत्र

### क. स्वास्थ्य तथा पोषण

१. आवश्यकतानुसार स्वास्थ्य संस्थामा एक चिकित्सक राख्ने नीति अवलम्वन गरिनेछ । वडा नं १, २ र १० मा रहेको अतिरिक्त स्वास्थ्य संस्थालाई आधारभूत स्वास्थ्य क्लिनिक नामाकरण गरी आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

२. स्वास्थ्य संस्थाहरूको न्यूनतम सेवा गुणस्तरमापन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

३. "चन्द्रागिरि नगर स्वस्थ शहर" घोषणा गर्न WHO को सूचकमा आधारित कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

४. मूल्याङ्कनको आधारमा उत्कृष्ट स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिने छ ।

५. महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६. नगर अस्पताललाई स्तरोन्नति गर्दै विशेषज्ञ सेवा दिने रिफरल सेन्टरको रूपमा विकास गरिनेछ, अस्पतालको प्रयोगशालालाई स्तरोन्नति गरी अनलाईन रिपोर्टिङ्ग गर्ने व्यवस्था मिलाइनेछ ।

७. निजी तथा गैह्र सरकारी स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी नगरपालिकाको सिफारिसमा नागरिकहरूलाई तोकिएअनुसार निःशुल्क तथा सहुलियत दरमा स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

८. नगरभित्र सञ्चालित सम्पूर्ण निजी तथा गैह्रसरकारी स्वास्थ्य संस्थाहरूलाई अनिवार्य दर्ता तथा नवीकरण प्रक्रियामा लगिनेछ । दर्ता नभएका स्वास्थ्य संस्थाहरूलाई निरूत्साहित गर्दै बन्द गराइनेछ ।

९. सुनौलो हजार दिनका गर्भवती, सुत्केरी आमा र नवजात शिशुहरूको पोषण सुधार गर्ने र नेपाल सरकारबाट उपलब्ध सम्पूर्ण खोप सेवाहरू सहजरूपमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

१०. गर्भवती महिला सहायता कार्यक्रम अन्तर्गत निःशुल्क भिडियो एक्स-रे सेवा, फोलिक एसिड, क्याल्सियम चक्की, सुत्केरी घरभेट, पोषिलो आहारा कार्यक्रम सञ्चालन गरिनेछ ।

११. प्रत्येक वडाको आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट नियमित रूपमा पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सरको जाँच गर्ने व्यवस्था

मिलाई पाठेघरको क्यान्सर विरूद्धको खोप वितरणको आवश्यक प्रबन्ध मिलाइनेछ ।

१२. साविकमा जेष्ठ नागरिकलाई सुगर तथा प्रेसरको औषधी खर्च बापत प्रदान गर्दै आएको अनुदानलाई निरन्तरता दिँदै क्रमशः स्वास्थ्य बीमा मार्फत कार्यान्वयन गरिनेछ ।

१३. स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूलाई मनोपरामर्श तालिम प्रदान गरी मनोपरामर्श सेवालाई थप व्यवस्थित र प्रभावकारी वनाइनेछ ।

१४. नेपाल सरकारले तोकेको कडा रोगका बिरामीलाई गरिने सिफारिस तथा नगरबाट दिइने विशेष सुविधालाई निरन्तरता दिइनेछ ।

१५. जनप्रतिनिधि, कर्मचारी, शिक्षक, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको नगरपालिकाबाट निःशुल्क स्वास्थ्य बिमा गरिनेछ ।

१६. नगरभित्र सञ्चालन भइरहेका “ग” वर्गका एम्बुलेन्सहरूलाई “ख” वर्गमा स्तरोन्नति गरिनेछ । एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि बनाई जेष्ठ नागरिक, सुत्केरी र अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क सेवा प्रदान गर्ने नीति लिइनेछ ।

१७. स्वास्थ्यमा प्रतिकूल असर पर्ने मदिरा तथा सुर्तीजन्य पदार्थको प्रचार प्रसारमा निषेध तथा बिक्री वितरण गर्ने कार्यको नियमन गरिनेछ ।

१८. महामारी तथा संक्रामक रोगको नियन्त्रणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. सामुदायिक स्वास्थ्य नर्सिङ घरदैलो सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२०. नगरपालिकाभित्रका स्वास्थ्य संस्थाबाट उत्पादित औषधीजन्य फोहोर व्यवस्थापन गर्न थानकोट प्राथमिक अस्पतालमा फोहोर व्यवस्थापन केन्द्र स्थापना गर्ने नीति लिइनेछ ।

२१. ७० बर्ष माथिका जेष्ठ नागरिकहरूका लागि ईन्फ्लुएन्जा र निमोनिया खोप दिने नीति अबलम्बन गरिनेछ। नगर अस्पतालमा जेरियाट्रिक वार्डको ब्यवस्था गरिनेछ ।

२२. नगर अस्पतालमा डायलासिस सेवा सुरू गरिनेछ ।

२३. बलम्बु स्वास्थ्य चौकीलाई नहुँदा भवनमा स्थानान्तरण गरी सेवाको स्तरोन्नति गरिनेछ ।

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा

१. माताातीर्थ स्वास्थ्य चौकी रहेको भवनमा अन्य संस्थासँगको सहकार्यमा विज्ञ समेत व्यवस्थापन गरी एकीकृत चिकित्सा सेवा प्रवाह गरिनेछ । माताातीर्थ आयुर्वेद औषधालयलाई आवश्यक पुर्वाधार विकास गरी नगरस्तरीय स्वास्थ्य प्रबर्द्धन केन्द्रको रूपमा विकास गरिनेछ ।

२. हरेक वडामा नागरिक आरोग्य तथा मनोसामाजिक परामर्श केन्द्र स्थापना गरी आयुर्वेद तथा वैकल्पिक चिकित्सा, योग, ध्यान आदि सेवाहरू प्रवाह गरिनेछ। यसै वर्ष कम्तीमा २ वटा आरोग्य केन्द्र सञ्चालनमा ल्याइनेछ ।

४. जमुनाडाँडा सामुदायिक वनमा आयुर्वेद जडिबुटी उद्यानलाई अध्ययन केन्द्रको रूपमा विकास गरिनेछ । साथै उद्यानबाट उत्पादित तथा नगरका अन्य क्षेत्रबाट उत्पादित जडिबुटीलाई बजारीकरण गर्न जडिबुटी प्रशोधन केन्द्रको स्थापना गरिनेछ ।

५. नगरका नवजात शिशु, प्रशुता आमा, जेष्ठ नागरिक तथा नसर्ने रोग व्यवस्थापनको लागि पौष्टिक आयुर्वेद औषधी तथा आहार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ख. शिक्षा, भाषा, कला तथा साहित्य

१. "शिक्षामा सुधार विकासको मूल आधार" लाई चरितार्थ गर्दै शिक्षामा समय सापेक्ष लगानी बढाउँदै लगिनेछ ।

२. लिपी, भाषा, साहित्य, कला र संगीतको संरक्षण र जगेर्ना गरिनेछ ।

३. "हाम्रो चन्द्रागिरि" स्थानीय पाठ्यक्रमको आधारमा पाठ्यपुस्तक विकास गरी यसै वर्ष विद्यालयहरूमा कार्यान्वयन गरिनेछ । प्राथमिक तहमा नेवारी र तामाङ मातृभाषामा अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाइनेछ ।

४. सामुदायिक क्याम्पस तथा विद्यालयहरूमा शैक्षिक गुणस्तरमा सुधार तथा क्षमता अभिवृद्धि गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

५. "एक घर एक स्नातक" कार्यक्रमलाई प्रभावकारी बनाउन यस नगरपालिका भित्रका सामुदायिक क्याम्पसमा अध्ययन गर्ने स्थानीय छोरी-बुहारी तथा लक्षित वर्गको छात्रवृत्ति कार्यक्रमलाई निरन्तता दिइनेछ ।

६. विद्यालय व्यवस्थापन तथा शैक्षिक पक्षमा सुधारका लागि प्रधानाध्यापक, शिक्षक एवं विद्यालय कर्मचारीसँगको कार्यसम्पादन करारलाई निरन्तरता दिइनेछ ।

७. बाल विकास केन्द्रका सहजकर्ता, सहायक कर्मचारी र विद्यालय सहयोगीलाई नेपाल सरकारले तोकेको न्यूनतम मासिक पारिश्रमिक पुग्ने गरी व्यवस्था गरिनेछ । बालबिकास कक्षामा कार्यरत आयाहरूको पारिश्रमिकमा केही रकम थप गरी प्रोत्साहित गरिनेछ ।

८. सामुदायिक विद्यालयमा अध्ययनरत विपन्न तथा असहाय विद्यार्थीहरूलाई लक्षित गरी विशेष सहायता कार्यक्रम सञ्चालन गरिनेछ । संस्थागत विद्यालयमा अध्ययन गर्ने जेहेन्दार, विपन्न तथा असहाय विद्यार्थीहरूलाई वितरण गरिने छात्रवृत्तिलाई मापदण्ड वमोजिम व्यवस्थित गरिनेछ ।

९. वालविकास कक्षाहरूलाई प्रविधिसहित संघसंस्थाको सहयोगसमेत लिएर सिकाइलाई थप व्यवस्थित गर्दै कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. विद्यालय जाने उमेर समूहका बालबालिकालाई लक्षित गरी विद्यार्थी भर्ना कार्यक्रमलाई प्रभावकारी बनाई कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेको सुनिश्चित गरिनेछ ।

११. सिकाइमा सूचना र प्रविधिको प्रयोगलाई प्रभावकारी बनाउन तालिमको व्यवस्था गरिनेछ । विद्यालयलाई प्रविधिमैत्री बनाउन शैक्षिक जनशक्तिको क्षमता विकास तथा उपकरणको प्रबन्ध क्रमिक रूपमा गरिनेछ ।

१२. तहगत र विषयगत रूपमा शिक्षकको व्यवस्थापन मिलाइनेछ । हाल शिक्षक विद्यार्थी अनुपात बढी भएका विद्यालयलाई उपलब्ध शिक्षक अनुदानलाई निरन्तरता दिइनेछ ।

१३. सामुदायिक विद्यालयहरूमा प्राविधिक व्यवसायिक धार एवं सीपमूलक प्रशिक्षणमा आधारित कक्षा सञ्चालन तथा "एक विद्यालय एक जीवनोपयोगी सीप" प्रशिक्षण सञ्चालन गर्ने नीति अवलम्वन गरी आवश्यक बजेट व्यवस्था गरिनेछ ।

१४. कक्षा ५ सम्म सञ्चालित दिवा खाजा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१५. सामुदायिक विद्यालयमा छात्राहरूलाई सेनेटरी प्याड, पाठ्यपुस्तक, छात्रवृत्ति, सिकाइ सामग्रीको निःशुल्क प्रयोग जस्ता शैक्षिक समता विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

१६. सीप र क्षमताको अभिवृद्धि गर्न र परम्परागत सीपलाई पुनःजागरण गर्न तथा शैक्षिक क्षेत्रको गुणस्तरलाई वृद्धि गर्न नगरभित्र सामुदायिक सिकाई/अध्ययन केन्द्र सञ्चालनमा ल्याइनेछ ।

१७. नगर क्षेत्रभित्र सञ्चालनमा रहेका सामुदायिक पुस्तकालय/वाचनालयलाई नगर गौरवको रूपमा सञ्चालनमा ल्याउने नीति लिइनेछ । विद्यालय र समुदायमा रहेका पुस्तकालयलाई सूचना प्रविधिमैत्री बनाइनेछ ।

१८. विद्यार्थीहरूलाई सामाजिकीकरण र समुदायप्रति उत्तरदायित्व बहन गराउन विद्यालय स्वयंसेवक कार्यक्रम मार्फत स्काउट, रेडक्रस तथा राष्ट्रिय सेवा दल जस्ता सहभागितामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१९. "समुदाय-प्रहरी साझेदारी" कार्यक्रम मार्फत समितिहरू गठन गरी लागुपदार्थ दुर्व्यसनविरूद्ध चेतनामूलक कार्यक्रम विद्यालयस्तरदेखि नै सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । साथै विद्यालयमा बालमनोपरामर्श कार्यक्रम लागू गर्न प्रोत्साहन गरिनेछ ।

२०. विद्यार्थीको प्रतिभा पहिचानका लागि नगरस्तरीय प्रतियोगिताका रूपमा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै जिल्ला प्रदेश र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता हुन प्रोत्साहित गरिनेछ ।

२१. सम्बन्धित सरोकारवालाहरूसँग प्रत्यक्ष जोडिनका लागि “मेयरसँग बालबालिका” कार्यक्रमलाई निरन्तरता दिनुका साथै शिक्षक र विद्यालय व्यवस्थापन समितिसँग समेत प्रत्यक्ष अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।

२२. बालविकास केन्द्रदेखि माध्यमिक तहसम्मका कक्षाहरूलाई अझ बढी प्रभावकारी बनाउन “कक्षा कोठामा प्रविधि” कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२३. उत्कृष्ट विद्यालय, शिक्षक, विद्यार्थी, विद्यालय कर्मचारी तथा खेलाडीहरूलाई आफ्नो कार्यप्रति अभिप्रेरित गर्ने उद्देश्यले प्रतिभा सम्मान कार्यक्रम गरिनेछ ।

२४. बालमैत्री स्थानीय शासनका लागि बालबचाउ, बाल संरक्षण, बाल विकास, बालसहभागिता र संस्थागत विकासका सूचकहरूलाई दृष्टिगत गरी बालमैत्री पूर्वाधार विकास र निर्माण कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

२५. नगरपालिकाबाट विद्यालयमा दिइने अनुदानमा अनिवार्य तथा निःशुल्क शिक्षालाई टेवा पुग्नेगरी शिक्षक कर्मचारीको क्षमता विकासको लागि अनुदानको व्यवस्था गरिनेछ ।

२६. विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीहरूको डिजिटल हाजिरीलाई व्यवस्थित गरिनेछ ।

२७. विद्यालयमा खेलकुद, संगीत तथा नृत्य प्रशिक्षणका लागि घुम्ती प्रशिक्षकको व्यवस्था गरिनेछ ।

२८. सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूलाई खोजमूलक कार्यमा संलग्न गराउन STEAM कार्यक्रम लागू गरिनेछ ।

२९. सामुदायिक माध्यमिक विद्यालयलाई थप आकर्षित, व्यवस्थित र प्रविधिमैत्री बनाई स्तरोन्नति गर्ने नीति अवलम्वन गरिनेछ ।

३०. सामुदायिक विद्यालयहरूमा स्वच्छ पिउने पानी, क्यान्टिन, प्रयोगशाला, पुस्तकालय, सुन्दर बगैंचा, रङरोगन, फर्निचर र प्रविधिमैत्री उपकरण जस्ता पूर्वाधार विकासलाई विशेष प्राथमिकतामा राखी हरित विद्यालयका रूपमा विकसित गरिनेछ।

३१. नगर भित्रका सामुदायिक विद्यालयहरूमा एउटै शैक्षिक क्यालेण्डर निर्माण गरी परीक्षा, मूल्याङ्कन तथा अतिरिक्त क्रियाकलापहरू व्यवस्थापन एवं सञ्चालनलाई निरन्तरता दिइनेछ ।

३२. विद्यालयको शैक्षिक उपलब्धिको स्तरोन्नतिका लागि अनुगमन तथा निरीक्षणलाई प्रभावकारी बनाउन प्रविधिको साथ लिनुका साथै नगरस्तरीय संरचना बनाइनेछ ।

## ग. युवा, खेलकुद तथा नवप्रवर्तन

### खेलकुद

१. खेलकुद विकासका लागि नगरपालिकाभित्र भएका खेलकुद संरचनाहरूको सुदृढीकरण गरी राष्ट्रियस्तरको खेलकुद मैदान तथा संरचनाको रूपमा विकास गरिनेछ ।

२. अन्य पालिकाहरुलाई आमन्त्रण गरी फूटबल, भलिबल, ब्याडमिन्टन प्रतियोगिता आयोजना गरिनेछ । चन्द्रागिरि मेयर कप महिला भलिबल प्रतियोगिता सञ्चालन गरिनेछ । चन्द्रागिरि नगरलाई खेलकुद नगरीको रुपमा परिचित गराउन फुटबल, ब्याडमिन्टन, भलिबल, क्रिकेट लगायतका खेलको हबका रूपमा विकास गर्दै प्रतियोगिताहरु आयोजना गरिनेछ । त्यस्तो आयोजनामा महिला सहभागितामा विशेष ध्यान पुऱ्याइनेछ ।

३. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई नगरपालिकाको गौरवको प्रतियोगिताका रूपमा सञ्चालन गरिनेछ ।

४. चन्द्रागिरि नगरपालिकामा वार्षिक रूपमा राष्ट्रिय, प्रादेशिक र नगर स्तरीय खेलकुद प्रतियोगिता, महोत्सवको आयोजना गरिनेछ । साथै, अपाङ्गता भएकाहरूको सहभागितामा खेल प्रतियोगिता सञ्चालन गरिनेछ ।

५. विद्यालय खेल शिक्षकहरूलाई परिचालन गरी विद्यालयमा रहेका खेल प्रतिभाहरूको पहिचानका लागि विभिन्न खेल प्रतियोगिता सञ्चालन गरिनेछ ।

६. फुटबल लगायतका विभिन्न खेलका खेलाडी उत्पादनको लागि वडास्तरीय लिग प्रतियोगिता सञ्चालन गरिनेछ ।

७. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका स्थानीय खेलाडीहरूलाई सम्मान तथा प्रोत्साहन गरिनेछ ।

## युवा तथा नवप्रवर्तन

१. युवाको सर्वाङ्गीण विकास र परिचालन गर्न नगरस्तरीय युवा समिति र नमूना युवा संसद अभ्यासमा भाग लिने १६-२४ वर्ष उमेर समूहका युवाहरूबाट नगरपालिकास्तरीय युवा क्लव गठन गरी मापदण्ड बमोजिम परिचालन गरिनेछ ।

२. नगरस्तरीय अभियानमा आबद्ध गर्दै युवाहरूलाई समाज र राष्ट्रिय महत्वका अभियानमा उत्प्रेरित गरिनेछ ।

३. युवाहरूलाई लक्षित गरी जीवनोपयोगी सीपसँग कार्य गरी उद्यमशीलतालाई जोड दिइनेछ ।

४. युवाको नवीन विचारको खोजी गरी (Start Up Program) अन्वेषण र उद्यम (नवप्रवर्तन) मा जोड्न प्रोत्साहन गरिनेछ ।

५. किशोर किशोरीहरूको क्षमता अभिवृद्धिको लागि जीवन उपयोगी कार्यक्रम सञ्चालन गरिने छ ।

## घ. खानेपानी तथा सरसफाई

१. दिगो विकासको लक्ष्य प्राप्तिका लागि “एक घर एक धारा” को नीति अवलम्वन गरिनेछ ।

२. खानेपानीको शुल्क तथा महशुलमा एकरूपता ल्याइनेछ ।

३. सडक निर्माण गर्दा अनिवार्य रूपमा खानेपानी पाइप बिच्छाएर मात्र निर्माण गर्न वडा खानेपानी उपभोक्ता समितिहरूसँग सहकार्य गरिनेछ ।

४. भूमिगत पानी रिचार्ज जोन निर्माणका लागि विशेष कार्यक्रम सञ्चालन गर्दै आकाशे पानी संकलन, वाटर रिचार्ज र पुनः प्रयोग गर्ने कार्यक्रमलाई अगाडि बढाइनेछ ।

५. नगर क्षेत्रभित्र रहेका सार्वजनिक ढुङ्गेधारा, इनार कुवा, पोखरी तथा मुहानहरूलाई संरक्षण गरिनेछ र सांस्कृतिक बस्तीभित्रका यस्ता सम्पदालाई कलात्मक स्वरूपमा बनाउने कार्यलाई निरन्तरता दिइनेछ ।

६. मेलम्ची खानेपानी आयोजनालाई नगरपालिकाभित्र विस्तार गर्न पहल गरिनेछ ।

७. उपभोक्ता समिति र व्यवसायीले वितरण गर्ने पानीको गुणस्तर कायम गर्न हरेक ३/३ महिनामा सरकारी मान्यता प्राप्त गुणस्तरीय प्रयोगशालाबाट परीक्षण गर्न लगाई अनिवार्य प्रतिवेदन पेश गर्न लगाइनेछ ।

८. मानव मलमुत्रसहित वा रहित फोहोरपानीलाई भूमिगत वा सतही ढल प्रणाली वा अन्य कुनै सुरक्षित तरिकाबाट संकलन, प्रशोधन

र स्थानान्तरण गर्ने कार्यलाई नगरपालिकाले डिपिआर तयार गर्ने कार्य अगाडि बढाइनेछ ।

९. घर वा कुनै निकायबाट ढल निकास गर्दा अनिवार्य रूपमा प्रशोधन गरी वा सोकपिट बनाएर मात्र निकास गर्नुपर्ने छ । सोकपिट बनाएर मात्र ढल प्रयोग गर्नुपर्ने व्यवस्थालाई उल्लंघन गरी सिधै ढलमा पानी मिसाएमा ढल बन्द गरी कानुन बमोजिमको कारवाही गरिनेछ ।

१०. नगरपालिकाभित्र रहेको राष्ट्रिय गौरवको आयोजना सुरूङमार्ग भित्रको पानीको मुख्य स्रोतलाई लिफ्ट गरी दीर्घकालीनरूपमा नगरपालिका क्षेत्रमा खानेपानीको व्यवस्थापन गर्न आवश्यक पहल गरिनेछ ।

११. व्यक्तिगत हकभोगभित्र रहेका प्राकृतिक खानेपानीका मूलहरूको संरक्षण र सम्बर्द्धन गरिने छ ।

१२. डौडाली खोलामा बग्ने पानी र बर्षातको पानी समेतलाई ट्यांकी निर्माण गरी संकलन गर्न बहुवर्षीय योजनाको कार्यलाई निरन्तरता दिइनेछ ।

१३. नगर क्षेत्रभित्र रहेका सार्वजनिक ढुङ्गेधारा, इनार तथा मुहानहरूलाई संरक्षण गर्दै खेर गइरहेको पानीलाई रिजर्ब गर्ने व्यवस्था गरी वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

१४. ADB को सहयोगमा खानेपानी आयोजनाको सर्वेक्षण र कार्यान्वयन अगाडि बढाइनेछ ।

१५. खानेपानी तथा ढल व्यवस्थापन विभागको समन्वयमा चन्द्रागिरि नगरपालिकाको WASH PLAN निर्माण गरी समुदायमा आधारित सरसफाई तथा स्वच्छता कार्यक्रम सञ्चालन गरिनेछ ।

## ङ. संस्कृति

१. भूकम्प पश्चात् क्षतिग्रस्त ऐतिहासिक धरोहरहरूको बाँकी रहेको पुनःनिर्माण तथा मर्मतका लागि सम्बद्ध निकायमा समन्वय गरी सहकार्य गरिनेछ ।

२. नगरस्तरीय पर्वजात्रा सञ्चालन समिति मार्फत वडाहरूमा ऐतिहासिक रूपमा नियमित सञ्चालन भइरहेका परम्परागत तथा लोपोन्मुख जात्रापर्व सूचीकृत गरी उपलब्ध गराउँदै आएको पर्व सञ्चालन खर्चलाई निरन्तरता दिइनेछ। जात्रापर्वको अनुदान भुक्तानी प्रकृयालाई सरलीकरण गरिनेछ ।

३. मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिद, पाटीपौवा, भजन मण्डल, गुठी आदिको जग्गा अभिलेखीकरण गरी ऐतिहासिक तथा सांस्कृतिक प्रोफाईल तयार गरिनेछ ।

४. नगरपालिका क्षेत्रभित्र रहेका पौराणिक महत्व बोकेका मठ मन्दिर हरूमा नित्यपूजा सञ्चालन हुने व्यवस्था मिलाइनेछ। सातगाउँले जात्रा, मत्स्यनारायण मेला, मातातीर्थ मेला, इन्द्रदह मेला लगायतका महत्वपूर्ण मेलाहरू तथा मेलास्थलहरूको व्यवस्थापन र निरन्तरताका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

५. विभिन्न विकास निर्माणको काम गर्दा ऐतिहासिक तथा सांस्कृतिक स्थान वा सो नजिक पर्न गएमा आवश्यक परामर्शद्वारा निर्माण कार्य गरिनेछ । त्यसका लागि परामर्शदाता (ईतिहास विद्/संस्कृतिविद्) वा पुरातत्व विभागको सुझाव लिने नीति लिइनेछ ।

६. इतिहास तथा सांस्कृतिक वैभव झल्काउन प्रचारात्मक कार्यक्रम अन्तर्गत नगर सम्पदा कार्यक्रम तय गरी (प्राचीन शिलालेख,

मूर्ति, मुद्रा, हस्तीमार्ग, पोखरी, इनार, कुवा, हिटी, ठ्यासफु लगायत मूर्त अमूर्त सम्पदा) विविध सम्मेलन कार्यक्रम आयोजना गरिनेछ । ती सम्पदाहरूको संरक्षणमा विशेष ध्यान दिइनेछ ।

७. मठ मन्दिर तथा ऐतिहासिक महत्व बोकेका धरोहरहरू सूचीकृत गरी संरक्षण तथा प्रवर्द्धनको लागि गुरूयोजना तयार पारिनेछ । किसिपिडी र बलम्बु क्षेत्र संरक्षणको लागि तयार भैसकेको गुरूयोजना बमोजिम निर्माणमा प्याकेजमा सहयोग गरिनेछ ।

८. परम्परागत शैलीका झिंगटीघर लगायतका बस्तीहरूको संरक्षण र प्रबर्द्धन गर्न विशेष व्यवस्था गरिनेछ ।

९. ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय कार्य गर्न विभिन्न वैदेशिक राष्ट्रहरूका नगरसँग भगिनी सम्बन्ध स्थापना गरिनेछ ।

१०. हिटी, कुवा, फल्चा, मन्दिरलगायत ऐतिहासिक तथा पुरातात्विक महत्वका संरचनाको पुनःनिर्माण र मर्मत सम्भार गर्दा जुन कालको संरचना हो सोही कालको निर्माण सामग्री प्रयोग गरी पुरातात्विक विधि र शैलीमा गरिनेछ ।

११. १०० गन्तव्य मध्येको दहचोक ईन्द्रदह, काजी कालु पाँडे समाधिस्थल क्षेत्रको पर्यटन विकासलाई प्रबर्द्धन गरिनेछ ।

१२. विन्ध्यबासिनी आध्यात्मिक क्षेत्रलाई सांस्कृतिक पर्यटन केन्द्रको रूपमा विकास गर्ने नीति लिइनेछ ।

## च. महिला बालबालिका तथा सामाजिक समावेशीकरण

### महिला

१. महिलाहरूको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा पचास प्रतिशत छुट गरिनेछ । महिला सामुहिक व्यवसाय दर्ता दस्तुर

छुटको व्यवस्था गरिनेछ । महिलाहरूको नाममा घर नक्सा दर्ता शुल्कमा पचास प्रतिशत छुट दिइनेछ ।

२. महिलाहरूको विकासको निम्ति आवश्यकता अनुसारका वृत्ति विकास, सीप विकास, क्षमता विकास लगायत रोजगार सिर्जना गर्ने कार्यक्रम आयोजना गरिनेछ । प्रत्यक्ष रूपमा महिला सहभागिताको वृद्धि गरी आयआर्जनमा आबद्ध गरी गरिबी निवारण, जीविकोपार्जनमा सुधार महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

३. नगरका प्रत्येक कार्यपद्धतिमा महिला हक अधिकारलाई सुनिश्चित गरिनेछ ।

४. एकल महिलाको सुरक्षा, संरक्षण र रोजगारीमूलक तालिम तथा अनुदानलाई विशेष जोड दिइनेछ ।

५. लैङ्गिक समानता, सामाजिक समावेशीकरण, महिला सशक्तीकरणको माध्यमबाट महिलामाथि हुने घरेलु हिंसा तथा लैंगिक हिंसामा कमी गराई महिलाहरूको सीप विकास, अधिकारमा सचेतनावृद्धि र हरेक तहमा महिलाको नेतृत्व क्षमतामा वृद्धि गरिनेछ । नीति निर्माण तहमा महिलाको अर्थपूर्ण सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गर्न नेतृत्वमा जोड दिइने छ ।

६. महिला हिंसा विरूद्धमा सचेतना अभिवृद्धि गरी दलित, अल्पसंख्यक, पछाडि परेका आदिबासी, जनजाति महिलालाई विकासका मूलप्रवाहमा सहभागिता वृद्धि गराइनेछ । लैंगिक हिंसा पीडितहरूको सहायताको लागि कोष स्थापना गरिनेछ । हिंसा पीडित व्यक्तिहरूको लागि कानूनी सहायता तथा अल्पकालीन सेवा केन्द्रको स्थापना गरिनेछ ।

७. सामाजिक संघ संस्था र टोल विकास संस्थालाई परिचालन गरी घरेलु हिंसा अन्त्यका लागि बहस, पैरवी तथा चेतनामूलक अभियान सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

८. लैंगिक उत्तरदायी बजेट परीक्षणका लागि योजना बनाई कार्यान्वयन गरिनेछ ।

९. महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन गरिनेछ ।

१०. महिला तथा किशोरी माथि हुने सबै प्रकारको हिंसा अन्त्य गर्न, समाजमा रहेका बालविवाह, बहुविवाह, दाइजो, बोक्सी, एसिड आक्रमण तथा छुवाछुत जस्ता परम्परागत हानीकारक अभ्यासलाई अन्त्य गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

११. मानव बेचबिखन तथा ओसारप्रसारको जोखिममा रहेका समुदायको पहिचान गरी आर्थिक तथा समाजिक क्षेत्रमा सशक्तीकरण गरिनेछ ।

१२. वैदेशिक रोजगारबाट फर्किएका महिलाहरूलाई रिर्टनी सीप प्रदान गरिनेछ ।

१३. लैगिक हिंसा विरूद्ध शून्य सहनशीलताको नीतिलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।

१४. कृषि, पशुपालन, सहकारी, सामुदायिक वन, वातावरण संरक्षण लगायतका आर्थिक क्रियाकलापमा महिलाको पहुँच, अवसर र लाभ सुनिश्चित गरिनेछ ।

## बालबालिका

१. नगरपालिकालाई बालमैत्री नगर बनाउन बालमैत्री स्थानीय शासन सम्बन्धी रणनीतिक योजना अनुसार साझेदार संस्थाहरूको समन्वय र सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ ।

२. बालश्रम निषेध गर्न अनुगमन प्रणालीलाई प्रभावकारी बनाई, बालश्रममुक्त स्थानीय तह घोषणा गरिनेछ ।

३. बालबालिका सम्बन्धी योजना तर्जुमा, बजेट र कार्यक्रम कार्यान्वयनमा बाल सहभागितालाई प्राथमिकता दिइनेछ । बाल भेला मार्फत आएका बालबालिकाका सवालहरूलाई सम्बोधन हुने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

४. "बालबालिका शान्ति क्षेत्र" भन्ने मान्यतालाई आत्मसात गर्दै उनीहरूको बालापनको संरक्षण गर्न बालविकास केन्द्रहरूको स्थापना गरी उनीहरूभित्र रहेको सीप कला र प्रतिभाहरूको विकास गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५. "नवजात शिशुसँग पहिलो भेट" कार्यक्रम सञ्चालन गरिनेछ । "उपमेयरसँग किशोरी" कार्यक्रम सञ्चालनका लागि बजेट व्यवस्था गरिनेछ ।

६. हिंसा पीडित, बौद्धिक एवं नेपाल सरकारको मापदण्डमा परेका अपाङ्गता भएका बालबालिकाका लागि सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गरी बौद्धिक अपाङ्गमैत्री व्यवस्थापन गरिनेछ ।

७. अनाथ, अपाङ्गता भएका व्यक्ति, अशक्त, असहाय, टुहुरा, बेवारिसे, हिंसापीडित तथा सडक बालबालिकाको उद्धार, संरक्षण पुनःस्थापनाको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

८. बाल समूहको गठन एवं क्षमता अभिवृद्धि गरिनेछ ।

९. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई लक्षित गरी कार्यक्रमहरू सञ्चालन गरिने छ । घटना व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाई सुधार गृह, बाल गृह र अन्य सेवा प्रदायक निकायहरूबीच समन्वय, सहकार्य, नियमन गरी बाल अधिकारलाई सुनिश्चित गर्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१०. नगरपालिकाभित्र सार्वजनिक पूर्वाधारहरू बालमैत्री बनाउन विशेष जोड दिइनेछ । बालमैत्री स्थानीय शासन घोषणा गर्न विशेष प्राथमिकता दिइनेछ ।

११. नगरपालिकाभित्र सार्वजनिक कार्यालयहरूमा स्तनपान कक्ष स्थापना गरिनेछ ।

१२. नवजात शिशुहरूको जन्म दर्ताको अधिकार सुनिश्चिततताका लागि "बालबालिका जन्मदर्ता सामाजिक सुरक्षा साझेदारी कार्यक्रम"लाई निरन्तरता दिइनेछ ।

१३. नगरपालिकामा कम्तीमा एउटा बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

१४. बढ्दो साइबर अपराध विषयमा बालबालिका तथा किशोर किशोरीहरूलाई सुसूचित गराउँदै यस्ता अपराधहरूलाई न्यूनीकरण गरिनेछ ।

१५. बालिका तथा किशोरीहरू माथि हुने हिंसालाई निरोधात्मक, उपचारात्मक र नियमनकारी व्यवस्थाको माध्यमबाट सम्बोधन गरिनेछ ।

**अपाङ्गता**

१. नगरपालिकाभित्र सार्वजनिक पूर्वाधारहरू अपाङ्गतामैत्री बनाउन विशेष जोड दिइनेछ ।

२. सार्वजनिक सेवामा अपाङ्गता भएका व्यक्तिको पहुँचमा वृद्धि गरिनेछ ।

३. अपाङ्गता भएका व्यक्तिका अभिभावकलाई मनोसामाजिक परामर्श तथा सीपमूलक तालिम र रोजगारमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

४. अपाङ्गता भएका व्यक्तिहरूलाई अभिमुखीकरण सहज वातावरण र सीप उपयोगको माध्यमबाट समाजमा सम्मानपूर्वक जीवनयापनको वातावरण सृजना गरिनेछ ।

५. अपाङ्गताहरूप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन ल्याई शिक्षा र रोजगारी मार्फत उनीहरूलाई अन्य नागरिकहरू सरह सक्षम बनाउन विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६. अपाङ्गता भएका व्यक्तिले सञ्चालन गरेको व्यवसाय दर्ता निःशुल्क गरिनेछ ।

७. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षाको पहुँच पुऱ्याउने उद्देश्यले सुविधा सम्पन्न अपाङ्गता विद्यालय स्थापना गर्ने नीति लिइनेछ ।

८. नगरपालिकाबाट प्रवाह गरिने सबै प्रकारका सेवाहरूमा अपाङ्गता भएका व्यक्तिहरूलाई सहज पहुँच पुऱ्याउने उद्देश्यले साङ्केतिक भाषा सिकेको एक जना दोभाषे सहित सहायता कक्षको स्थापना गरी सञ्चालन गरिनेछ ।

९. विभिन्न प्रकारका अपाङ्गतामैत्री सूचना निर्माण र प्रचार प्रसार गरिनेछ ।

१०. अपाङ्गता भएका ब्यक्तिहरूलाई देव दर्शन गराउने नीति लिइनेछ। बेडरेस्ट गर्ने पूर्ण अपांगता भएका व्यक्तिलाई घरमै सम्मान र पौष्टिक तथा आवश्यक सामग्री प्रदान गरिनेछ ।

११. अपाङ्गताको परिभाषाभित्र नपरेका अटिजम भएका बालबालिकाहरूको संरक्षण/सम्बर्द्धन साथै शैक्षिक विकासका लागि अटिजम सम्बन्धी कार्य गर्ने संस्थासँग आवश्यक समन्वय गरी नगरक्षेत्रमा अटिजम केयर सेन्टर स्थापना प्रकृया अघि बढाइनेछ ।

१२. अपाङ्गता भएका व्यक्तिको लागि आवश्यक सहायक सामग्री व्यवस्थाका लागि पहल गरिनेछ ।

## जेष्ठ नागरिक

१. जेष्ठ नागरिकलाई आफ्नो घरमा सुरक्षित रहने वातावरण तयार पार्न चेतना अभिवृद्धि लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

२. जेष्ठ नागरिकहरूको लागि हरेक वडामा दिवासेवा केन्द्र स्थापना, देवदर्शन, अशक्त तथा बेडरेस्ट गर्ने जेष्ठ नागरिकलाई घरमै सम्मान र पौष्टिक तथा आवश्यक सामग्री प्रदान, नयाँ पुस्तामा ज्ञान सीप हस्तान्तरण र अनुभव ग्रहण जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

३. यातायात कम्पनीहरूको सहकार्यमा जेष्ठ नागरिकहरूको लागि अधिकतम विशेष सहुलियत दरमा यातायात सुविधा उपलब्ध गराउन पहल गरिनेछ ।

४. सबै वडामा जेष्ठ नागरिकमैत्री पार्क निर्माण तथा मनोरञ्जनात्मक व्यवस्था गरिनेछ ।

## संघसंस्था

१. गैरनाफामूलक संघसंस्था दर्ता र नवीकरण प्रक्रियालाई निरन्तरता दिइनेछ र सामाजिक संघसंस्थाको क्षमता अभिवृद्धि, सहकार्य, समन्वयलाई जोड दिइनेछ ।

२. स्थानीय तहको आवश्यकता अनुसार गैर सरकारी संघ संस्थासँग सहकार्य गरी जवाफदेहिता र पारदर्शिता कायम गर्न निरन्तर नियमन गरिनेछ ।

३. सामाजिक संघ संस्थाको सहकार्यमा मनोपरामर्शका कार्य गरिनेछ ।

## सामाजिक समावेशीकरण

१. यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको हक अधिकारका विषयमा सचेतना अभियान सञ्चालन गरिनेछ ।

२. लैंगिक अल्पसंख्यकको लागि अधिकारमुखी सचेतना वृद्धि र क्षमता अभिवृद्धिका साथै आयआर्जन कार्यक्रम र आर्थिक सशक्तीकरण गर्ने नीति लिई कार्यक्रम सञ्चालन गरिनेछ ।

३. मादकपदार्थ दुर्व्यसनीमा परेकाहरूलाई सुधार गर्न सामुदायिकरूपमा सञ्चालन भएका पुनर्स्थापना केन्द्रलाई अनुदान तथा सहयोग गरिनेछ । त्यस्ता केन्द्रमा मनोसामाजिक विमर्शकर्ताको व्यवस्था गरिनेछ ।

४. चन्द्रागिरि नगरपालिकालाई सडक मानव मुक्त बनाउने नीति अवलम्बन गरिने छ ।

५. विपन्न गरिब लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । विपन्न गरिब आवास कार्यक्रम कार्यविधि बमोजिम कार्यान्वयन गरिनेछ।

## दलित तथा सामाजिक समावेशीकरण

१. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैङ्गिक विभेद र हिंसाका घटनाहरू न्यूनीकरणका लागि नीति तथा कानून निर्माण गरी टोल विकास संस्था, सामाजिक संघ संस्था मार्फत जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

२. दलित, लक्षित तथा विपन्न समूहलाई योजना प्रकृयामा अर्थपूर्ण सहभागी गराई क्षमता तथा आर्थिक विकास गर्दै सशक्तीकरणमा जोड दिइनेछ ।

३. उत्पीडित र सीमान्तकृत वर्ग-समुदायलाई विकासको मूलधारमा ल्याउन उपयुक्त कार्यक्रम तर्जुमा गरिनेछ ।

४. दलित तथा विपन्न समुदायलाई प्रत्येक क्षेत्रमा समान तथा अनिवार्य सहभागिता वृद्धि गरिनेछ ।

५. दलित समुदायको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक सशक्तीकरणका आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ । दलित समुदायका युवाको लागि लोक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ ।

६. दलित समुदायको हक अधिकारको सुनिश्चित गरी क्षमता अभिवृद्धि गरिनेछ । उच्च शिक्षा अध्ययन गर्ने दलित युवाका लागि छात्रवृत्ति उपलब्ध गराइनेछ ।

७. नगरपालिकाभित्र रहेका कार्यालयहरूमा पदपूर्ति लगायत अन्य क्रियाकलापमा समानुपातिक समावेशीकरणको आधारमा सहभागिता गरिने छ ।

८. बिसे नगर्ची पार्कलाई संग्रहालयको रूपमा विकास गरिने छ ।

९. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास, लैंङ्गिक विभेद र हिंसाका घटनाहरू घटेको पाइएमा घटनाका दोषीलाई कानूनी दायरामा ल्याइनेछ ।

## छ. सामाजिक सुरक्षा तथा पञ्जीकरण

१. सामाजिक सुरक्षा भत्ता विद्युतीय प्रणाली (EFT) मार्फत भुक्तानी गरिनेछ ।

२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको नवीकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचय पत्रमा आधारित Biometric Verification अनिवार्य गरिनेछ ।

३. जन्म दर्ता गर्दा राष्ट्रिय परिचय पत्र नम्बर (NIN) सहितको जन्म दर्ताको प्रमाणपत्र जारी गरिनेछ ।

४. व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाईसराई) र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको सम्पूर्ण कागजपत्र Digitization गरी VERSP-MIS मा कागजपत्र upload गर्ने व्यवस्था मिलाइनेछ ।

६. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट सञ्चालित सामाजिक सुरक्षा तथा घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अर्न्तगत यस नगरपालिकाको सेवा ईकाइमा कार्यरत कर्मचारीहरूलाई आ.व. २०८१/०८२ मा निरन्तरता दिइनेछ ।

## ३. पूर्वाधार क्षेत्र

### क. भवन, आवास तथा बस्ती विकास

१. शहरीकरणलाई व्यवस्थित गर्न पूर्वाधार निर्माण सम्बन्धी मापदण्डलाई पुनरावलोकन गरी लागू गरिनेछ ।

२. नयाँ नापी गर्न बाँकी रहेका वडाहरूमा नयाँ नापी गरी हालसाबिक गर्ने कार्यलाई अगाडि बढाउन सम्बन्धित निकायसँग समन्वय गरिनेछ । खोला, सार्वजनिक, पर्ती जग्गा, राजकुलोको पहिचान र अभिलेख गरी मापदण्ड अनुसार कायम गराइनेछ । सार्वजनिक जग्गा सिमाङ्कन, संरक्षण एवं नापीका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।

३. अव्यवस्थित जग्गा खण्डीकरणलाई निषेध गरी व्यवस्थित बस्ती विकास गर्न जग्गा एकीकरण कार्यक्रम (Land Pooling) सञ्चालनको लागि अध्ययन गरिनेछ । वडा नं. १२, १४ र १५ मा बल्खु कोरिडोर दायाँबायाँ ल्याण्ड पुलिङ गरी वैकल्पिक कोरिडोर सडक निर्माणको लागि अन्य निकायसँग समन्वय गरी अगाडि बढाइनेछ ।

४. सम्पदा बस्तीहरूलाई अर्वान भिलेजको रूपमा संरक्षण गर्ने नीति लिइनेछ ।

५. वातावरणमैत्री ढल व्यवस्थापनको लागि ढल प्रशोधनको नमूना कार्यक्रम लागू गरिनेछ । नगरको ट्रङ्क सिवर लाइन तथा यसको प्रशोधन गरी बल्खु खोलामा सफा पानी बगाउन सम्बन्धित निकायहरूसँग समन्वय गरिनेछ । ढलहरू सोभै खोलामा मिसाउँदा हुने प्रदूषण रोक्नका लागि समुदायस्तरमै Constructed Wet-Land निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । सेफ्टी ट्याङ्कीबाट सोभै ढल मिसाउनेलाई दण्ड जरिवाना गरी सेफ्टी ट्याङ्कीको निष्काशन बन्द गरिनेछ ।

६. नगरपालिका क्षेत्रलाई आन्तरिक जोनिङ गरी प्रतिफलमा आधारित करको मान्यता अनुसार फरक जोनमा फरक फरक नक्सा पास दस्तुर तोक्ने नीति लिइनेछ ।

७. नगरभित्रका चोकहरू वातावरण मैत्री एवं कलात्मक पहिचान सहितको निर्माण गरिनेछ ।

८. बस्तीहरूलाई प्राचीन नामले नै चिनिने गरी नाम राखिनेछ । वडाको अनुमति लिएर मात्र नामकरण गर्ने नीति लिइनेछ । साथै नयाँ राखिएका नामहरू नगर यातायात गुरूयोजना मार्फत पुनरावलोकन गरिनेछ ।

९. उज्यालो चन्द्रागिरि कार्यक्रमलाई निरन्तरता दिइनेछ । जडान भएका सडक बत्तीहरूको नियमित मर्मतसम्भार गर्ने नीति लिइनेछ ।

१०. नगरभित्र निर्माणाधीन पूर्वाधारहरू सम्पन्न हुने गरी बजेट व्यवस्थापन गरिनेछ । चन्द्रागिरि नगरपालिकालाई दिगो, वातावरणमैत्री, समाबेशी शहरको रूपमा विकास गरिनेछ ।

११. सार्वजनिक जग्गा संरक्षणलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । साथै त्यस्ता सार्वजनिक जग्गाहरूमा कुनैपनि संघ, संस्था, समूह, क्लबको भवन निर्माण गर्न दिइने छैन ।

१२. सडक छेउमा रहेका भवनबाट वर्षायामको पानी तथा ढल व्यवस्थित नगरी सिधै सडक तथा पेटीमा कौशी तथा छतबाट झार्ने र निकास खुल्ला राखी बगाउने प्रवृत्तिलाई दण्डित गरिनेछ। प्रत्येक घरबाट निस्कने पानीलाई रिचार्ज गर्ने प्रणालीको व्यवस्था गरिनेछ ।

१३. सार्वजनिक सडकमा गरिने पार्किङ्ग एवम् मुख्य राजमार्ग, सहायक मार्ग लगायतका सडक पेटी किनारा अतिक्रमण गरी सञ्चालनमा रहेका गाडी मर्मत केन्द्र (वर्कसप) तथा अन्य अव्यवस्थित व्यवसायहरूलाई निषेधित गर्दै सार्वजनिक स्थलहरूमा अव्यवस्थित रूपमा निर्माण सामग्री थुपार्ने, सवारी साधन पार्किङ गर्ने, पसल कबल बाहिर सडक पेटीमा सामग्रीहरू राख्ने कार्यलाई दण्ड जरिवाना सहित पूर्णतः निषेध गरिनेछ । साथै घर छिर्ने ऱ्याम्प आफ्नै साँध सिमानाबाट सुरू गर्नुपर्ने अनिवार्य व्यवस्था गरिनेछ ।

१४. नगरस्तरीय सम्मेलन केन्द्र (सिटी हल) निर्माणका लागि संघ तथा प्रदेश सरकारसँग साझेदारी गरिनेछ ।

१५. चन्द्रागिरि नगरपालिका प्रवेश गर्ने राजमार्ग लगायत मुख्य मार्गहरूको सिमानामा प्रवेशद्वार वा स्वागत बोर्डको व्यवस्था गरिनेछ ।

१६. प्रत्येक बहुतले आवासीय, व्यवसायिक, उद्योग, सामुदायिक घरहरू तथा निजी घरहरूमा समेत नक्शा पास गर्दा Fire Extinguisher को व्यवस्था अनिवार्य हुनपर्ने नीति लिइनेछ ।

१७. नगरका सम्भावित स्थानहरूमा होमस्टे स्थापनाका लागि प्रोत्साहन गरिनेछ ।

१८. सम्पदा बस्तीमा परम्परागत शैलीमा भवन निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ। यस सम्बन्धमा कार्यविधिले तोके बमोजिमको अनुदान उपलब्ध गराइनेछ ।

१९. नगरपालिकाको सिमानामा रहेका पार्क लगायतका अन्य क्षेत्रहरूलाई सम्बन्धित नगरपालिकासँग समन्वय गरी व्यवस्थित गर्न पहल गरिनेछ ।

२०. भवन नभएका वडा र स्वास्थ्य चौकीको कार्यालय भवन बनाउने र जीर्ण भएका भवन मर्मत गरिनेछ। वडा नं. १२ को कार्यालयका लागि बलम्बु वीर बिनायक गुठीको जग्गा प्राप्ति प्रकृया अघि बढाइनेछ ।

## ख. सडक, पुल तथा यातायात

१. आगामी आर्थिक वर्षमा कम्तीमा ३ वटा नगर गौरवका आयोजना छनौट गरी कम्तीमा रु १ करोड भन्दा माथि बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ । साथै नगरस्तरीय र वडास्तरीय रूपमा आयोजनाहरूको वर्गीकरण गरी आवश्यकता अनुसार बजेट विनियोजन गरिनेछ ।

२. नगरपालिकाको सडक मापदण्ड अनुसार चौडा हुने सडक स्तरोन्नतिको लागि नगरपालिकाबाट बजेट विनियोजन तथा आयोजना छनौट गर्दा पहिलो प्राथमिकता दिइनेछ ।

३. नगरपालिकाले मापदण्डअनुसार नयाँ सडक खोल्ने तथा भएका बाटाहरूलाई मापदण्ड अनुसार कायम गर्ने र स्तरोन्नति गर्ने कार्यमा विशेष प्राथमिकताका साथ कार्य गरिनेछ। मर्मत सम्भारको लागि QRT (Quick Response Team) परिचालन गरिनेछ ।

४. नगरपालिकाको मुख्य-मुख्य सडक तथा चोकहरूमा ट्राफिक लाइट, जेब्रा क्रसिङ, रोड मार्किङ, आकाशे पुल निर्माणको लागि पहल गरी नगरपालिकाको मापदण्डभित्रका सबै सडकलाई क्रमशः स्तरोन्नति गरिनेछ। साथै सडक दुर्घटना न्यूनीकरण गर्न आवश्यक व्यवस्थापन गरिनेछ।

५. सार्वजनिक सडकमा ट्राफिक व्यवस्थापन सहितको पार्किङ निषेध गरिनेछ। साथै मुख्य बजार क्षेत्रमा निःशुल्क, सशुल्क पार्किङको व्यवस्था गरिनेछ।

६. परम्परागत रूपमा चलनचल्तीमा रहेका साविक सडक र ढल निकास यथावत रूपमा कायम गरी त्यस किसिमका सडक र ढल निकास बन्द गर्न नपाउने नीतिलाई निरन्तरता दिइनेछ।

७. नगरपालिकाभित्रका मुख्य सडक तथा सहायक सडकको सौन्दर्यता कायम गर्दै नगरबाट सडक सरसफाई, बोटबिरूवा, हरियाली, रङरोगनका साथै अव्यवस्थित तार, पोलहरूको समेत व्यवस्थापन गरी सडक हेरचाहको लागि सडक सफाई गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८. स्वच्छ सफा वातावरणमैत्री सडक निर्माण तथा सम्भार गर्ने उद्देश्यसहित सडक किनारा हरियाली प्रबर्द्धन कार्यलाई निरन्तरता दिइनेछ।

९. सुरक्षित बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गमैत्री सडकको लागि मुख्य सडकमा फुटपाथ आवागमन खुल्ला गरिनेछ। ६ मिटरभन्दा बढी चौडा भित्री सडकहरूमा समेत आवश्यकता अनुसार फुटपाथ निर्माण तथा ट्राफिक संकेतको व्यवस्था मिलाइनेछ।

१०. एकीकृत बागमती सभ्यता आयोजनाको सहयोगमा बल्खु करिडोर सडक निर्माण कार्य दुई चरणमा बाडभञ्ज्याङसम्म गर्न नगरपालिकाद्वारा सहजीकरण गर्दै सम्बन्धित निकायमा समन्वय गरिनेछ । मितेरी मार्गलाई अगाडि बढाउन पहल गरिनेछ ।

११. राष्ट्रिय, प्रदेश र स्थानीय तह अन्तरगतका सडकहरूलाई विशेष प्राथमिकताका आधारमा स्थानीयवासीहरूसँग व्यापक छलफल तथा समन्वय गरी विस्तार, मर्मत तथा सुधार गरिनेछ । साथै वडा नं. १ र २ लगायतका सुरूङ्ग मार्ग प्रभावित क्षेत्रहरूमा भएको समस्या समाधानका लागि सम्बन्धित निकायहरूमा आवश्यक समन्वय र सहजीकरण कार्यलाई निरन्तरता दिइनेछ ।

१२. नगरपालिका क्षेत्रभित्र विद्युतीय सवारी चार्जिङ स्टेसनको पूर्वाधार तयार गर्न सम्वन्धित निकायसँग समन्वय गरी आगामी आ.व. २०८१/०८२ मा स्थापना गरिनेछ ।

१३. नागढुंगा मुख्य सडक खण्डमा हाल कायम रहेको मापदण्ड पूरा हुन नसकेका स्थानमा काठमाडौं उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय काठमाडौंलाई २२ मिटर सडक क्षेत्र कायमका लागि आवश्यक समन्वय गरिनेछ ।

१४. त्रिवेणी पुल, बलम्बुबाट सिर्जना चोक जाने पुल लगायत बल्खु खोलाका विभिन्न स्थानमा जीर्ण र अधुरा रहेका पुलहरूलाई प्राथमिकताका साथ निर्माण गर्न बजेट व्यवस्था गरिनेछ ।

१५. कलंकी-नागढुंगा मुख्य सडकका व्यस्त चोकमध्ये डिपिआर तयार भएका स्थानमा सम्बन्धित निकायसँग समन्वय गरी आकाशे पुल निर्माणको कार्यलाई अगाडि वढाइनेछ ।

१६. संघ/प्रदेश कार्यालयहरूबाट नगरपालिकामा सञ्चालन हुने आयोजना/कार्यक्रमको नियमन/ अनुगमन गरी सम्बन्धित निकायलाई जानकारी दिने नीति लिइनेछ ।

१७. आगामी वर्षमा नगरभित्र सञ्चालन गरिने आयोजना, प्रदेश सरकार र संघीय सरकारको समन्वयमा सञ्चालन गरिने आयोजनाहरूको डिपिआर तयारीका लागि आवश्यक वजेट व्यवस्था गरिनेछ ।

१८. चालु आर्थिक वर्ष भित्र शुरू गरी भौतिक रूपमा कार्य सम्पन्न हुन नसकेका अधुरा एवं क्रमागत आयोजनाहरूलाई प्राथमिकता दिई आवश्यक वजेटको व्यवस्था गरी समयमै सम्पन्न गर्ने व्यवस्था मिलाइने छ ।

१९. सेफ्टी ट्यांकीबाट उत्सर्जन हुने लेदोजन्य फोहोर व्यवस्थापन सम्बन्धी प्लान्ट शुरू गरिनेछ ।

२०. नगरपालिकाको मुख्य-मुख्य सार्वजनिक स्थानहरूमा सार्वजनिक प्रतिक्षालय एवं सार्वजनिक शौचालय निर्माण कार्यलाई अगाडि बढाइनेछ ।

२१. उत्पादन वृद्धि तथा रोजगारी सृजनाको लागि सार्वजनिक निजी साझेदारीका आधारमा सञ्चालन गर्न सकिने आयोजनाहरू प्राथमिकताको आधारमा छनोट गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।

२२. संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी साझेदारीमा आयोजनाहरू सञ्चालन गरिनेछ । समपूरक तथा विशेष अनुदान कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२३. खानेपानी, सडक लगायत विकासका साझा सवालहरूमा काठमाडौं महानगर, धुनीबेंसी, थाहा, इन्द्रसरोवर, दक्षिणकाली, कीर्तिपुर, नागार्जुन लगायतका छिमेकी स्थानीय तहहरूसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गरिनेछ ।

२४. "सडक सुरक्षा हाम्रो जिम्मेवारी" कार्यक्रम सञ्चालन गरिनेछ ।

## ग. जलश्रोत, विद्युत तथा स्वच्छ ऊर्जा

१. अव्यवस्थित तारहरू नेपाल विद्युत् प्राधिकरण, नेपाल टेलिकम र केवल संचालकहरूसँग समन्वय गरी व्यवस्थित गर्न लगाइनेछ । विद्युत प्रसारण लाईनको नाङ्गो विजुलीको तारलाई ए.वि.सि. केवल तारले प्रतिस्थापन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२. ने.वि.प्रा.को बलम्बु उपवितरण केन्द्रबाट बितरण भएको बिजुलीको खपत बढ्दै गएकोले वितरण केन्द्रको रूपमा स्तरोन्नति गरी सेवावृद्धिका लागि बिद्युत प्राधिकरणमा पहल गरिनेछ ।

३. वायु उर्जाको लागि उपर्युक्त स्थान छनौट गरी Wind Wheel जडान गरिनेछ ।

## घ. सूचना तथा सञ्चार प्रविधि

१. नगर सुरक्षालाई मध्यनजर गरी मुख्य टोल, बस्ती र सडकहरूको साथै नगरपालिका र मातहतका कार्यालयहरूमा सीसी क्यामेराको व्यवस्था र साइरन जडान कार्यलाई अझ प्रभावकारीताका साथ निरन्तरता दिइनेछ ।

२. नगरपालिकाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थल, बजार क्षेत्र, मुख्य चोक लगायत महत्वपूर्ण स्थलहरू र डिजिटल

सेवा लिनुपर्ने स्थानहरुमा निःशुल्क वाई-फाईको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३. नगरपालिकाले आफ्नै एफ.एम., अनलाइन टिभी वा मिडिया सञ्चालन गरी आधिकारिक सूचना सामग्री प्रसारण गर्ने सम्बन्धमा सम्भाव्यता अध्ययन गरिनेछ ।

## ४. वन तथा वातावरण क्षेत्र

### क. वन, भूसंरक्षण तथा जैविक विविधता

१. वन क्षेत्रलाई व्यवस्थित गरी पर्यापर्यटन, जडिबुटी, नगदे फलफूल लगायत रैथाने बिरूवा रोपणका लागि प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२. ऐतिहासिक त्रिभूवन पार्कलाई नगरपालिकाको मातहत ल्याई नमूना पार्कको रूपमा व्यवस्थित गरी सञ्चालन गरिनेछ । "एक वडा एक उद्यान" निर्माण कार्यलाई निरन्तरता दिनुका साथै सार्वजनिक स्थलहरूमा इकोपार्क निर्माण अभियानलाई निरन्तरता दिइनेछ । नगरपालिकामा रहेका शहरी हरित क्षेत्रहरुको संरक्षण गरिनेछ ।

### ख. वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

१. जल, वायु, माटो, ध्वनीमा हानीकारक रासायनिक प्रदूषण कम गर्न आवश्यक कानून तथा मापदण्ड बनाई कार्यान्वयन गरिनेछ।

२. सार्वजनिक शौचालयको निर्माण गर्न आवश्यक प्रबन्ध मिलाइने छ । सार्वजनिक शौचालयहरु वातावरणमैत्री तथा लैंगिकमैत्री र अपांगतामैत्री बनाइनेछ ।

३. परापूर्वकालदेखि चलिआएका पानीको स्रोतलाई संरक्षण गरी सम्भावित वडामा कम्तीमा २ वटा नयाँ पोखरीको निर्माण कार्यलाई अनिवार्य गरिनुका साथै सरसफाई गरी स्वच्छ नगरपालिका बनाउन अभियान सञ्चालन गरिनेछ ।

४. ४० माइक्रोनभन्दा पातलो प्लाष्टिक प्रयोगमा रोक लगाइनेछ ।

५. फोहोरको स्रोतमै वर्गीकरण गर्ने कार्यलाई विकास गर्न फोहोर सदस्यता कार्डलाई अनिवार्य गरिनेछ ।

६. सार्वजनिक जग्गा वा निजी जग्गालाई लिजमा लिई फोहोरलाई मोहरमा परिणत गर्ने कार्यलाई प्रभावकारी बनाउन दीर्घकालीन समाधानका लागि सरकारी, निजी, सामुदायिक (PPP) मोडललाई प्राथमिकतामा राखी कार्य गरिनेछ ।

७. नगरभित्र सञ्चालित ईट्टाभट्टा तथा टायल उद्योगहरूलाई वातावरणमैत्री प्रविधि विद्युतीय टनेल किलिन (Tunnel Kiln) मा आधारित उद्योगलाई मात्र सञ्चालन गर्न दिइनेछ ।

८. नगरपालिकाको वायू गुणस्तर मापनयन्त्रको स्तरउन्नति गरी मापनयन्त्रबाट प्राप्त हुन आएको तथ्यांकलाई नगरपालिकाको केन्द्रबाट सार्वजनीकरण गर्ने व्यवस्था मिलाइनुका साथै नगरभित्र आवश्यक स्थानमा थप वायु गुणस्तर मापन यन्त्र जडान गरिनेछ ।

९. नगरपालिकालाई वातावरणमैत्री स्थानीय तह घोषणाका लागि आगामी आ.व. २०८१/०८२ मा बजेट व्यवस्थापन गरी वातावरणमैत्री वडा घोषणा गरिनेछ ।

१०. फोहरमैला तथा वायु गुणस्तर व्यवस्थापनमा सम्बद्ध पक्षहरूसँग सहकार्य गरिनेछ ।

११. फोहोरमैला व्यवस्थापन लगायतका साझा सरोकारका विषयमा उपत्यकाका नगरपालिकाहरू बीच सहकार्य र समन्वय गरिनेछ । उपत्यका मेयर्स फोरम/उपप्रमुख सञ्जाल मार्फत साझा सरोकारका क्षेत्र पहिचान गरी कार्यान्वयनका लागि पहल गरिनेछ ।

## ग. विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

१. बाढीपहिरो जाने, भूक्षय हुने क्षेत्रको पहिचान गरी रोकथामका लागि विशेष व्यवस्था गर्ने साथै मानव सिर्जित विपद्बाट हुने धनजनको क्षतिको सम्बन्धित व्यक्ति तथा संस्थालाई जिम्मेवार बनाई उचित क्षतिपूर्ति भराइनेछ ।

२. विपद् व्यवस्थापनलाई प्रभाबकारी बनाउन २४ सै घण्टा सेवा प्रदान गरी सुविधा सम्पन्न स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई व्यवस्थित गरिनेछ । प्रत्येक वडामा विपद् स्वयम्सेवक व्युरो गठन गरी क्षमता वृद्धि गरिनेछ ।

३. नगरपालिका, वडा कार्यालय र नगरपालिका मातहतका सार्वजनिक सेवाका कार्यालयहरू, निजी आवासक्षेत्र, उद्योग, औद्योगिक भवनहरूमा फायर एक्स्टींग्युसर (Fire Extinguisher) अनिवार्य गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. विपद्मा बालबालिका तथा अशक्तहरूलाई विषेश प्राथमिकतामा राखिनेछ ।

५. जलवायू परिवर्तनका कारणले मानव जीवनमा, कृषि तथा पशुपालनमा, वन लगायत पर्यापर्यटन क्षेत्रमा हुने असरको विषयमा समूदायस्तरमा जनचेतनामूलक अभियान कार्यक्रम सञ्चालन गरी सावधानीका उपायहरूलाई व्यवहारमा लागु गर्न योजना निर्माण गरिनेछ ।

६. कृषि उत्पादनमा हुने विषादी प्रयोगलाई निरूत्साहित गर्दै प्राङ्गारिक कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ ।

७. सवारी साधन प्रदूषणको नियमित चेकजाँचको शिविर स्थापना गरी प्रदूषण चेकजाँचमा फेल हुने सवारी साधनलाई सञ्चालनमा रोक लगाउन प्रदेश संघीय सरकारसँग समन्वय गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास क्षेत्र

### क. नीति, कानुन, न्याय तथा सुशासन

१. सेवा प्रवाहलाई चुस्त दुरूस्त, पारदर्शी र विश्वसनीय बनाउँदै सुशासन कायम राख्न नागरिक बडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, गुनासो सुन्ने र सूचना प्रवाहीकरणलाई प्रभावकारी बनाउँदै सार्वजनिक सूचनाद्वारा नागरिकमा पारदर्शी गरिनेछ ।

२. सबै प्रकारका सेवा प्रवाहलाई आधुनिकीकरण गर्न विद्युतीय प्रणाली अवलम्वन गरिनेछ । विद्युतीय नागरिक बडापत्र तथा ई-हाजिरी प्रणालीलाई निरन्तरता दिइनेछ ।

३. नगरपालिकाबाट स्वीकृत भएका ऐन, कानुन, कार्यविधिहरूको सम्बन्धमा जनप्रतिनिधी, कर्मचारी, मेलमिलापकर्ता लगायत सरोकार पक्षलाई अभिमुखीकरण गरिनेछ । मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिनेछ ।

४. डिजिटल सेवा प्रवाहलाई प्राथमिकताका साथ अवलम्वन गरिनेछ। वडाबाट डिजिटल सिफारिस जारी गर्ने व्यवस्था मिलाइनेछ ।

५. भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अवलम्वन गरिनेछ ।

## ख. संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

१. नगरपालिकाको सेवा प्रवाहलाई सहज र सरल बनाउन वडा र नगरमा सहायता कक्षको स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।

२. नगर सूचना केन्द्र तोकी नगरका सूचना सम्प्रेषणलाई व्यवस्थित गरिनेछ ।

३. CCTV जडान, IT मैत्री कार्य प्रणाली, डिजिटल सेवा प्रवाह, वडा नगर नेटवर्किङ्ग, नगर मोबाइल एप्स, अनलाईन घरनक्शा पास प्रणाली (eBPS) र Online Service का साथै नागरिक सूचना प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

४. नगर प्रहरीलाई राजश्व अभिवृद्धि, अव्यवस्थित फुटपाथ, मापदण्ड विपरीतका संरचना हटाउने लगायत कार्यविधिले तोकेका कार्यमा परिचालन गरिनेछ ।

५. कर्मचारीहरूलाई कार्यसम्पादनको आधारमा पुरस्कृत र दण्डित गरिनेछ । कार्यबोझका आधारमा कर्मचारीलाई प्रोत्साहन भत्ता उपलव्ध गराइनेछ ।

६. कर्मचारीहरूलाई विषयक्षेत्रगत रूपमा सफ्टवेयर सञ्चालन तथा क्षमता अभिवृद्धि सम्बन्धी तालिमको व्यवस्था मिलाइनेछ ।

७. जनप्रतिनिधिहरू तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि तथा नेतृत्व विकासका लागि अवलोकन भ्रमणको माध्यमबाट अनुभव आदानप्रदान गर्ने नीति लिइनेछ ।

८. नगरपालिकामा सूचीकृत इन्जिनियरिङ्ग परामर्शदाता (कन्सल्टेन्सी) र घर निर्माण गर्न चाहने घरधनीलाई नक्सापास र मापदण्डसम्बन्धी जानकारीमूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

९. नगरपालिकाभित्र उपभोक्ता समितिबाट सञ्चालन गरिने आयोजनाहरूको व्यवस्थित कार्यान्वयनका लागि आयोजना/कार्यक्रम सम्झौता पुस्तिका लागु गरिनेछ। उपभोक्ता समितिको काम, कर्तब्य, योजना सम्झौता, कार्यान्वयन र फरफारक जस्ता विषयबस्तु बारे समितिका अध्यक्ष, सचिव र कोषाध्यक्षलाई मासिक रूपमा अभिमुखीकरणका माध्यमबाट सुसूचित गरी समन्वय र सहजीकरणका लागि कार्डको व्यवस्था गरिनेछ ।

१०. नगरपालिकामा कार्यरत अस्थायी, करार र ज्यालादारी कर्मचारीलाई सामाजिक सुरक्षा कोष अन्तर्गत योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गरिनेछ ।

११. १८० दिन घर बिदा संचित गरिसकेका कर्मचारीहरूलाई ल्याप्स हुने घरबिदा वापत भुक्तानी दिने नीति लिई नियमित कामप्रति आकर्षित र कार्यबोझ बहनप्रति उत्प्रेरित गरिनेछ ।

१२. एकीकृत घुम्ती सेवा मार्फत नागरिकलाई सेवा प्रवाह गरिने नीति लिइनेछ ।

१३. विद्यमान ऐन, नियमावली, कार्यविधि, निर्देशिका र मापदण्डलाई संघीय तथा प्रदेश कानुन बमोजिम परिमार्जन गर्दै लगिनेछ ।

## ग. राजश्व तथा स्रोत परिचालन

१. राजश्वका नयाँ क्षेत्रहरूको पहिचान गरी दर र दायरालाई समय सापेक्ष बनाउन राजश्वसँग सम्वन्धित कानूनहरू संशोधन र परिमार्जन गरी समयानुकूल बनाइनेछ। सम्भाव्य आयका क्षेत्रहरू पहिचान गरी ठेक्का माध्यमबाट राजश्व संकलन गरिनेछ ।

२. स्थानीयस्तरका पेशा व्यवसायीहरूलाई राजश्वको दायरामा ल्याउन घुम्ती सेवा सञ्चालन गरिनेछ । करदाता शिक्षा, अन्तर्क्रिया, गोष्ठी, सेमिनार कार्यक्रम सञ्चालन गरी नियमित कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

३. नगरवासीले न.पा./वडाबाट सेवा लिँदा एकीकृत सम्पत्ती कर तिरेको निस्साको आधारमा सेवा प्रवाह गरिने नीति लिइनेछ ।

४. राजश्व संभाव्यता, क्षमता पहिचान र परिचालन सम्बन्धमा अध्ययन विश्लेषण गरी राजश्व सुधार कार्ययोजनालाई अद्यावधिक गरिनेछ । करदाताको संकेत नं., राजश्व सफ्टवेयरलाई मोवाईल एप्समा समेत लिङ्क गरी कार्यान्वयन गरिनेछ ।

५. राजश्व संकलन व्यवस्थापनका लागि वडा कार्यालयहरूलाई आर्थिक वर्षको लक्ष्य निर्धारण गरिनेछ । लक्ष्य भन्दा बढी राजश्व संकलन गरेमा बढी उठेको राजश्व रकमको १ प्रतिशत रकम प्रोत्साहन स्वरूप वडा कार्यालयका कर्मचारीहरूलाई उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

## घ. तथ्याङ्क प्रणाली, योजना र विकास व्यवस्थापन

१. नगरपालिकाको सामाजिक परिसुचाङ्कको आधारमा सामाजिक विकास सम्बन्धी नीति/योजना/ कार्यक्रम तय गर्न GPS/GIS प्रणालीको नगर प्रोफाईललाई यसै आ.व भित्र सम्पन्न गरी नगरस्तरीय तथ्यांक अद्यावधिक गर्दै सेवा प्रवाहलाई प्रणालीसँग आबद्ध गर्दै डिजिटल हाउस नम्बरिङको कार्यलाई निरन्तरता दिइनेछ ।

२. नगरबासीको चाहना र आवश्यकतालाई केन्द्रबिन्दूमा राख्दै उपभोक्ताको अत्यधिक श्रमदान, योगदान हुनसक्ने आयोजनालाई प्राथमिकता दिइनेछ । साथै, आयोजनामा ५०/५० प्रतिशत सहभागिता कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।

३. योजना सञ्चालन गर्दा ठेक्काको ३ प्रतिशत र उपभोक्ता समितिको लागि १.५ प्रतिशत कन्टिन्जेन्सी कायम गरिनेछ । जनसहभागितालाई २० (बीस) प्रतिशत कायम गरी लागू गरिनेछ।

४. दिगो विकासका लक्ष्यहरूको कार्यान्वयनका सम्बन्धमा राष्ट्रिय लक्ष्यलाई आधार मानी १६ वटा लक्ष्यहरूको प्राप्तिका लागि स्थानीय तहका लागि सम्भावित २८५ क्रियाकलापहरूमध्ये यस नगरपालिकासँग सम्बन्धित क्रियाकलाप र सूचकहरू निर्धारण गरी दिगो विकास स्थानीयकरण कार्ययोजना निर्माण गरिनेछ । वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दिगो विकास लक्ष्यको साङ्केतीकरणका आधारमा गरिनेछ ।

प्रमाणीकरण: २०८१ असार ०६ गते

मुल्य रू. २०/-

आज्ञाले

हेमराज अर्याल

प्रमुख प्रशासकीय अधिकृत